आज मिति २०७५/११/१९ गते आइतबारका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरबल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर बली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

**प्रस्तावहरु**

१. चौथो गाउँसभा आह्वान गर्ने सम्बन्धमा ।

२. विद्यालय शिक्षा कार्यक्रम परिवर्तन सम्बन्धमा ।

३. सडक छेउछाउका अस्थायी संरचना हटाउने सम्बन्धमा ।

४. बसपार्क निर्माण सम्बन्धमा ।

५. ट्रस ब्रिजहरुको भुक्तानी सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

६. तेस्रो जाजरकोट महोत्सवको खर्च भुक्तानी सम्बन्धमा ।

७. कार्यक्रमका लागि प्राप्त प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

८. कृषि/पशु विकास शाखा भवन मर्मतको सम्बन्धमा ।

९. सीमा स्वास्थ्य चौकी भवन मर्मत सम्बन्धमा ।

१०. सशस्त्र प्रहरीको भान्साघर निर्माण सहयोग सम्बन्धमा ।

११. विविध/अन्य प्रांसाङ्गिक विषय ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ छलफल गर्दा यस शिवालय गाउँपालिकाको चौथो गाउँसभा यहि चैत्र ११ गते सोमवारका दिन दिउँसो ११:०० बजे सञ्चालन गर्नेगरी आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाभित्रका विभिन्न विद्यालयमा खानेपानी, मर्मत, फर्निचर लगायतका व्यवस्था गर्न यसअघि निर्धारण गरिएका कार्यक्रमहरु कतिपय विद्यालयले आवश्यकताका आधारमा नभएको भन्ने गुनासो सम्बन्धमा मध्यनजर गर्दा तत्तत् विद्यालय व्यवस्थापन समितिको निर्णयका आधारमा अनुरोध भई आएमा आवश्यकता र औचित्यता हेरी कार्यक्रम परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ मा छलफल गर्दा शिवालय गाउँपालिकाको विभिन्न ठाउँहरुमा सडकको दायाँबायाँ दुबैतर्फ १०/१० मिटर कायम गरिएको सडकको अधिकारक्षेत्र मिचि निर्माण गरिएका अस्थायी संरचना हटाउन १५ दिनको म्याद दिने र सो अवधिभित्र त्यस्ता संरचना नहटाइएमा गाउँपालिका आफैले सो संरचना हटाई/भत्काउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाको मुख्य सडक रहेको ऐरेली क्षेत्रमा सवारी साधनहरु जथाभावी रुपमा पार्किङ्ग गरि राख्ने, फोहोरमैला दुर्गन्ध गराउनै जस्ता समस्यालाई समाधान गरी सवारी साधनको पार्किङ्गलाई व्यवस्थित र एकीकृत बनाउन शिवालय गैरीबजारलाई पार्किङ्ग स्थान निर्धारण गर्ने र सवारी साधनहरु उक्त ठाउमा मात्र पार्किङ्ग गर्ने व्यवस्थापन मिलाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा शिवालय गाउँपालिकाको वडा नं २ मा निर्माण सम्पन्न भएको सिलाजु ट्रसब्रिज र वडा नं. ६ को गुयला ट्रस ब्रिज निर्माण कार्य साविकको दुर्गम क्षेत्र विकास समिति मार्फत भएको तर उक्त आयोजनाहरु गत आवमा समयमा सम्पन्न गर्न नसकेका कारण रकम फ्रिज भइ गएकोले पुनः रकम माग गरिएको भएतापनि रकम नआइसकेकोले हाललाई वार्षिक विकास कार्यक्रमको कन्टिन्जेन्सी शिर्षकबाट शोधभर्ना हुनेगरी भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा यही २०७५ पौष ११ देखि १६ सम्म आयोजना गरिएको तेस्रो जाजरकोट महोत्सवका लागि जाजरकोटका सबै पालिकाहरुबाट सहयोग माग गरिएकोमा यस शिवालय गाउँपालिकाको तर्फबाट बार्षिक विकास कार्यक्रममा रहेको **"स्थानीय कला संस्कृती संरक्षण तथा सम्वर्द्धन"** शिर्षकबाट रु. १,००,००० प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाको आ.व. २०७५/७६ को स्वीकृत बार्षिक विकास कार्यक्रम अन्तर्गतका तपसिलमा उल्लिखित कार्यक्रमहरु गाउँ कार्यपालिकाको कार्यालयको व्यस्तताका कारण कार्यान्वयन गर्न कठिनाई हुने भएकोले देहायबमोजिमका प्रस्तावकहरुको प्रस्ताव स्वीकृत गरी सहकार्यमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रमको शिर्षक | विनियोजित रकम रु. | प्रस्तावक |
|---|---|---|---|
| १. | महिला हिंसा विरुद्ध सशक्तिकरण कार्यक्रम | रु. १,००,००० ।- | पश्चिम जाजरकोट विकास समाज |
| २. | दलित तथा जनजाति महिलाहरुलाई नेतृत्व विकास तालिम | रु. १,००,००० ।- | पश्चिम जाजरकोट विकास समाज |
| ३. | सुशासन प्रवर्द्धन सम्बन्धी तालिम | रु. १,५०,००० ।- | पश्चिम जाजरकोट विकास समाज |
| ४. | सार्वजनिक परीक्षण (९ वटै वडामा) | रु. २,००,००० ।- | जिल्ला असल शासन क्लब, जाजरकोट |
| ५. | सार्वजनिक सुनुवाई कार्यक्रम | रु. २,३०,००० ।- | जिल्ला असल शासन क्लब, जाजरकोट |
| ६. | सुचनाको हक सम्बन्धी तालिम सञ्चालन | रु. १,००,००० ।- | जिल्ला असल शासन क्लब, जाजरकोट |

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा शिवालय गाउँपालिकाको कृषि/पशु विकास शाखाको भवनको छाना जिर्ण भई अत्यधिक मात्रामा पानी चुहिने भएकोले सो छाना मर्मत गर्न प्राविधिक लागत अनुमानका आधारमा कन्टिन्जेन्सी शिर्षकबाट अमानतमा निर्माण गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

प्रस्ताव नं. ९ मा छलफल गर्दा शिवालय गाउँपालिकाअन्तर्गत रहेको स्वास्थ्य चौकी सीमाको पुरानो भवन जिर्ण अवस्थामा रहेकोले प्राविधिक लागत अनुमानका आधारमा स्वास्थ्य चौकी व्यवस्थापन समितिलाई निर्माणका लागि आवश्यक रकम कन्टिन्जेन्सी शिर्षकबाट व्यवस्था गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०

प्रस्ताव नं. १० मा छलफल गर्दा जाजरकोट जिल्लामा अवस्थित सशस्त्र प्रहरी बल खलंगाको भान्सा घर निर्माणका लागि माग भइ आएको रकममध्ये रु. १ लाख सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ११

प्रस्ताव नं. ११ मा छलफल गर्दा शिवालय गाउँपालिकाको लागि आ.व. २०७५/७६ मा प्राप्त सशर्त अनुदान ८.६.२८.१ शिर्षकको रकम रु. ५,४०,००० मध्ये रु. ४ लाख **पाखा पाइपद्वारा सिंचाई, शिवालय ८** लाई र रु. १ लाख ४० हजार **मौलोहाल्ने ढुंगा लयाटा सिंचाई कुलो मर्मत**का लागि विनियोजन गर्ने निर्णय गरियो । त्यस्तै शिवालय गाउँपालिकाबाट ढुंग्रा जाने गोरेटो बाटो मर्मतका लागि कन्टिन्जेन्सिबाट रु. ३८,००० भुक्तानी दिने निर्णय गरियो । त्यसै गरी कला साहित्य डट कम जाजरकोटलाई जिल्ला समन्वय समितिको बैठकमा भएको निर्णयानुसार रु.४४,००० मिल्दो शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

मिति २०७५/११/१९ गते आइतवारका दिन शिवालय गाउँकार्यपालिकाको पच्चिसौं बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत